आज मिति २०७६ साल बैशाख ४ गते यस भगवतीमाई गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर थापा ज्यूको अध्यक्षता तथा तपसिलको उपस्थितिमा गाउँकार्यपालिकाको ४५ औं बैठक बसि देहायका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री दान बहादुर थापा, अध्यक्ष, भगवतीमाई गाउँपालिका

श्री चन्द्रा रेग्मी, उपाध्यक्ष, भगवतीमाई गाउँपालिका

श्री राजेन्द्र पौडेल, सदस्य सचिव, भगवतीमाई गाउँपालिका

श्री मान बहादुर बुढा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. १

श्री कर्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. २

श्री दान बहादुर खड्का, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ३

श्री कृष्ण बहादुर थापा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ४

श्री कृष्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ५

श्री बीरशंकर रोकाया, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ६

श्री रत्न बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा न ७

श्री सेतु खड्का, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. ३

श्री पबित्रा नेपाली, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. २

श्री सिता के.सी., कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. ४

श्री कल्पना मगर, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. ५

श्री मान बहादुर दमाई, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं.६

श्री डम्बर ब.तिरुवा, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. ७

आमन्त्रित सदस्यहरु :

श्री भिम बहादुर बुढा, विद्यालय निरिक्षक, भगवतीमाई गाउँपालिका

श्री पूर्ण बहादुर बुढा, लेखा अधिकृत, भगवतीमाई गाउँपालिका

श्री टोप बहादुर बुढा, लेखा अधिकृत, भगवतीमाई गाउँपालिका

श्री प्रेम बहादुर खड्का, नायब सुव्वा, भगवतीमाई गाउँपालिका

Scanned by CamScanner

**प्रस्ताव नं. १** : एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०७६ सम्वन्धमा ।
**प्रस्ताव नं. २** : पहिरो रोकथाम तथा भू संरक्षण सम्वन्धमा ।
**प्रस्ताव नं. ३** : विभिन्न गुरुयोजना निर्माणमा अपुग रकम सम्वन्धमा ।
**प्रस्ताव नं. ४** : गाउँपालिका पार्श्वचित्र निर्माणमा साझेदारी सम्वन्धमा ।
**प्रस्ताव नं. ५** : गाउँपालिकाको जलगुरुयोजना निर्माण सम्वन्धमा ।
**प्रस्ताव नं. ६** : समपुरक कोषमा रकमान्तर सम्वन्धमा ।
**प्रस्ताव नं. ७** : १५ शैयाको अस्पताल निर्माण सम्वन्धमा ।
**प्रस्ताव नं. ८** : ग्रामीण जलस्रोत परियोजना सँग साझेदारी सम्वन्धमा ।
**प्रस्ताव नं. ९** : सामुदायिक ग्रमीण विद्युतीकरण विभागसँग साझेदारी सम्वन्धमा ।
**प्रस्ताव नं. १०** : वडा नं. २, ३ र ४ मा विद्युतीकरण सम्वन्धी रकम खर्च सम्वन्धमा ।
**प्रस्ताव नं. ११** : घोडापुछ देखी हुलाकटाकुरा विद्युत तार सम्वन्धमा ।
**प्रस्ताव नं. १२** : वडा मासिक खर्च सम्वन्धमा ।
**प्रस्ताव नं. १३** : कृषि सिंचाई पोखरी निर्माण सम्वन्धमा ।
**प्रस्ताव नं. १४** : कृषि कार्यक्रमको लागि अपुग वजेट सम्वन्धमा ।
**प्रस्ताव नं. १५** : सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई सम्वन्धमा ।
**प्रस्ताव नं. १६** : वडा नं. ३ कैनतडामा ग्याविन जाली सम्वन्धमा ।
**प्रस्ताव नं. १७** : वडा नं. १ साँकुतडामा सिंचाई कुलो निर्माण सम्वन्धमा ।
**प्रस्ताव नं. १८** : हाते ट्याक्टर हस्तान्तरण सम्वन्धमा ।

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाले संचालन गर्ने एम्वुलेन्स सेवा संचालन सम्वन्धी कार्यविधि, २०७६ यस कार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ६, सनिगाउँ, बुडेलीमा पहिरो रोक्न तथा भु संरक्षणको लागि यस गाउँपालिकाको तेस्रो गाउँसभाबाट पारित बजेट शिर्षक नं. ३११५४.० तटवन्ध तथा बाँध निर्माणवाट रु.३०००००। रकम विनियोजन गरी ग्याविन पर्खाल निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. ३११५३.१ ( सबै वडापालिकाको केन्द्रसम्म विद्युत लाइन विस्तार) बाट बजेट शिर्षक नं. ५.१.१ (विभिन्न गुरुयोजना निर्माणमा साझेदारी) को लागि अपुग रकम रु. २७१८० रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. ५.१.१ (विभिन्न गुरुयोजना निर्माणमा साझेदारी) बाट यस गाउँपालिकाको पार्श्वचित्र निर्माण गर्नको लागि साझेदारी स्वरुप रु. ३००००० बरावरको सम्झौता हेल्भटास, नेपालसँग भएको हुँदा उक्त रकम यस कार्यापालिका वैठकवाट स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ५ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. ५.१.१ (विभिन्न गुरुयोजना निर्माणमा साझेदारी) बाट यस गाउँपालिकाको जलगुरुयोजना निर्माण गर्नको लागि साझेदारी स्वरुप रु. २२७१८० बराबरको उक्त रकम यस कार्यापालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. ३११५३.१ (सबै वडापालिकाको केन्द्रसम्म विद्युत लाइन विस्तार) बाट रु. ५३७५१४७०६ समपुरक कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. (ग) समपुरक कोषबाट यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणका लागि साझेदारी स्वरुप रु.६७०००००। रकम छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. (ग) समपुरक कोषबाट ग्रामीण जलस्रोत परियोजनासँग साझेदारी वापत रु.४५०००००। रकम छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. (ग) समपुरक कोषबाट सामुदायिक ग्रामीण विद्युतीकरण विभागसँग ग्रामीण विद्युतीकरणको लागि साझेदारी स्वरुप रु. १००७५१४७०६ खर्चको लागि स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. ३११५३.१ (सबै वडापालिकाको केन्द्रसम्म विद्युत लाइन विस्तार) बाट रु. १००००००००। वडा नं. २, ३ र ४ मा विद्युतीकरणको लागि भएको वोलपत्र अनुसारको रकम खर्चको लागि स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित बजेट शिर्षक नं. ३११५३.१ (सबै वडापालिकाको केन्द्रसम्म विद्युत लाइन विस्तार) बाट ना.न.पा. ११ देखी वेस्तडासम्म विद्युत लाईन विस्तार क्रमातग आ.व.०७४।७५ देखी ०७५।०७६ को लागि अपुग रकम रु. १६४७५४। र घोडापुछ देखी हुलाकटाकुरा विद्युत लाई विस्तार तार खरिदको लागि रु.४५००००। रकम छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

Scanned by CamScanner

यस भगवतीमाई गाउँ कार्यपालिकाद्धारा वडा कार्यालयको मासिक कार्यालय संचालन खर्चको लागि मासिक रु.१२००० छुट्याईएकोमा उक्त रकम भुक्तानी लिँदा विल तथा भरपाई वडा अध्यक्षद्धारा प्रमाणित गरी भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

नेपाल सरकारको सशर्त अनुदान कार्यक्रम अन्तर्गत कृषि तर्फको सिचाई पोखरी यस भगवतीमाई गाउँपालिका वडा नं. १ मा निर्माण गरिने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

यस गाउँ कार्यपालिकाद्धारा स्वीकृत कृषि कार्यक्रम अन्तर्गत धान तथा मकैको विऊ खरिदको लागि अपुग रकम रु.१५०००। ASDP कार्यक्रमसँगको साझेदारी कार्यक्रमबाट छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

यस भगवतीमाई गाउँपालिकाभित्र संचालन भईरहेको योजनाहरुको सामाजिक परीक्षण तथा वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि योजनाहरुको कन्टेन्जेन्सी/विविध शिर्षकको रकमबाट रु.४०००००। पंचकोशी कन्सल्टेन्सी सँग सम्झौता गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ३ कैनतडामा रहेका खेतहरुको संरक्षणको लागि रु. २०००००। रकम वन तथा भुसंरक्षण शिर्षक अन्तर्गत तटवन्ध तथा बाँध निर्माण शिर्षकवाट छुट्याई ग्याविन जाली निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

यस भगवतीमाई गाउँ कार्यपालिकाद्धारा स्वीकृत वार्षिक कृषि कार्यक्रम अन्तर्गत ASDP कार्यक्रमसँग साझेदारी रकमबाट रु. ५००००। भगवतीमाई गाउँपालिका वडा नं. १ साँकुतडामा सिंचाई कुलो निर्माणको छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. १ मा रहेको प्रगतिशिल कृषक समूहले यस गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्रमा रहेको हाते ट्याक्टर मिति २०७५।१०।२१ मा माग गरेको हुँदा उक्त समूहको निवेदन वमोजिम उक्त हाते ट्याक्टर त्यस समूहलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner